"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

संस्थाको सूचना तथा गतिविधी सम्प्रेषणको लागि

# बाराही Info Bulletin

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

वर्ष १५ । अंक २ । कार्त्तिक, २०८१/०८२

## २५ औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशन कार्यक्रम सम्पन्न




भक्तपुर, २०८१ आश्विन १२ गते, शनिबार श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.को २५ औं वार्षिक साधारण सभा संस्थाका वयोबृद्ध सदस्य नं १४४० का आश बहादुर सुवालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको अध्यक्षता एवं नेमकिपाका केन्द्रीय सदस्य तथा बागमति प्रदेश सभासद श्री सुरेन्द्र राज गोसाई र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का संचालक सदस्य श्री खेमराज सुवेदीको विशेष आथित्यतामा सभा सम्पन्न भएको थियो । सभामा बोल्दै विशेष अथिति सुवेदीले भक्तपुरको सहकारी अभियान सफल रहेको बताउनु भयो ।




सदस्यहरूले संस्था प्रति थप चासो देखाउनु पर्ने, सहकारीको समस्यालाई न्यूनीकरणमा बिशेष पहल गर्नु पर्नेमा जोड दिंदै नेफ्स्कूनका संचालक सदस्य श्री खेमराज सुवेदीज्यूले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

बाँकी पृष्ठ ४ मा

## नवौं अधिवेशनले चयन भएका नयाा संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा-४, भुलँचा भक्तपुरको २५औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशन मिति २०८१ असोज १२ गते शनिवार शुभकामना पार्टी प्यालेसमा संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको सभापतित्वमा ७४.३०% सदस्यहरूको उपस्थितिमा सम्पन्न भएको थियो । उक्त समारोहबाट ११ सदस्यीय संचालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिको निर्विरोध निर्वाचित घोषणा भएको थियो । जस अनुरूप मिति २०८१ असोज १५ गतेका दिन संस्थाका निवर्तमान पदाधिकारीहरू र नवनिर्वाचित पदाधिकारीहरू लगायत व्यवस्थापनका कर्मचारीहरूको उपस्थितिमा निवर्तमान अध्यक्ष श्री विश्वराम त्वायनाबाट नवनिर्वाचित अध्यक्ष श्री राधेश्याम सुवाललाई र निवर्तमान लेखा सुपरिवेक्षण समितिका संयोजक श्री रूमन श्रेष्ठबाट नवनिर्वाचित संयोजक श्री बालकृष्ण नागालाई औपचारिक रूपमा पद हस्तान्तरण गर्ने कार्य सम्पन्न भयो ।




पद हस्तान्तरण तथा साधारण सभाको समिक्षा एवं सिंहावलोकन कार्यक्रममा नवनिर्वाचित अध्यक्ष श्री राधेश्याम सुवालले २५औं वार्षिक साधारण सभा निर्धारित समयमा सम्पन्न गर्न साथ सहयोग गर्नुहुने र निर्विरोध निर्वाचित गराउनु हुने सम्पुर्ण सदस्य, अतिथि, पदाधिकारी र व्यवस्थापनका कर्मचारीहरू र निर्वाचन उपसमितिलाई धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दै नवनिर्वाचित संचालक समितिका पदाधिकारीहरू सवैमा संस्थाको नीति, नियम, विधि, प्रविधि र संस्थाका पदाधिकारीले पालना गर्नु पर्ने जिम्मेवारी तथा दायित्वहरूलाई विशेष जोड दिंदै अगाडी बढ्नु पर्ने धारणा राख्नु भएको थियो । साथै सदस्य तथा समाजको हितको लागि सहकारी संचालन हुनु पर्ने, सहकारीले समुदायमा आधारित भएर विभिन्न कार्यहरू सम्पादन गर्नु पर्ने, हालको परिस्थितिमा सदस्यको रकम सुरक्षित

बाँकी पृष्ठ ३ मा

## प्रकाशन उप-समिति



श्री विष्णु प्रसाद सुवाल
(संयोजक)



श्री रूमन श्रेष्ठ
(सदस्य)

## सम्पादक



श्री शिबजी हाकुदुवाल
(व्यवस्थापक)



श्री कल्पना दुवाल
(सह-सम्पादक)

**प्रकाशन**

***श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.***

भ.न.पा.-४, भुलाँचा, भक्तपुर

फोन नं: ०१-६६११३६४

E-mail: sbarahisaccos@gmail.com,

Website: www.barahisaccos.com.np

Notice Board Service: 1618-01-6611364

**लेआउट डिजाईन तथा मुद्रण:**


**फाईन अफसेट प्रेस**

ग:पली-४, बाराहीस्थान, भक्तपुर

(लक्ष्मी साकोस भवन)

फोन नं.: ०१-६६१४४८३

E-mail: fop.bkt@gmail.com

### अनिवार्य नियमित बचत गर्नै पर्ने सम्बन्धमा

संस्थामा आवद्ध सदस्यहरूले नियमित मासिक बचत गर्नुपर्ने अवगतै होला । संस्थामा नियमित मासिक बचत नगरेका वा गर्न छुटेका सदस्यहरूले समयमै बचत गर्नुहुन अनुरोध गर्दछ ।

## सम्पादकीय

नेपाल सम्वत्–११४५ तथा शुभ दिपावली–२०८१ र छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण सदस्य एवं शुभचिन्तकहरूको सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।

यस सहकारी संस्थाको २५औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशन मिति २०८१ असोज १२ गते सभ्य र भव्य रूपमा सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पूर्ण अतिथि, प्रमुख अतिथि, विशेष अतिथि, सदस्य महानुभावहरू लगायत संस्थाका पदाधिकारी एवं कर्मचारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

सदस्यहरू माझ संस्थाको सूचना तथा गतिविधिहरू सम्प्रेषण गरि सदस्य तथा सरोकारवालामा संस्थाको अवस्थाबारे सु–सुचित गराउने उद्देश्यले नियमित रूपमा बाराही इन्फो बुलेटिन प्रकाशित गरिँदै आएको छ । यस पटकको बाराही इन्फो बुलेटिनमा भरखरै सम्पन्न साधारण सभाको निर्णयहरू सहित प्रकाशित गरेको हुनाले साधारण सभाबाट के के निर्णय भएको छ भन्ने जानकारी गराउने उद्देश्यले यो अंक प्रकाशन गरिएको छ ।

देश भरीमा ३४ हजार सहकारी संस्थाहरू रहेको अभिलेखमा उल्लेख छन् जसमा बचत तथा ऋण सहकारी संस्था अधिक रहेको छ । बचत तथा ऋण सहकारी संस्थाको उद्देश्य सदस्यहरूबाट बचत संकलन गर्ने र सदस्यहरूलाई नै ऋण प्रवाह गर्नुका साथै कार्यक्षेत्र भित्रका सम्भावित सदस्यहरूलाई सदस्य बनाउनु रहेको हुन्छ । त्यसै गरि बहुउद्देश्य, उपभोक्ता, कृषि तथा अन्य प्रकृतिका सहकारीहरूको पनि निश्चित कार्यक्षेत्र र निश्चित उद्देश्य रहेको हुन्छ तर सहकारी ऐन र नियममा रहेका नीति र नियमलाई उल्लंघन गरि नाफा कमाउने उद्देश्य लिई संचालन भएका सहकारीहरू समस्यामा परेका छन् । ती संस्थाहरू संस्थागत नाफाका लागि नभई व्यक्तिगत नाफाका लागि नीति, नियम बेगर कारोवारहरू गर्ने गर्छन । केही सहकारीहरूले मात्र नियमलाई बेवास्ता गरी व्यक्तिगत फाइदाका लागि नियम मिचेर ऋण लगानी गरेकोले नै सहकारीमा समस्या आएको भन्ने पाइन्छ । त्यसैले कति बचतकर्ताहरूले दु:ख गरि बचत गरेको बचत रकम समयमा फिर्ता लिन सकेको अवस्था छैन, कतिको लगानी समयमै उठाउन नसकेर बचतकर्ताहरूको रकम जोखिममा परेको छ । जुन सहकारी संस्थाको जिम्मेवार व्यक्तिहरूको लापरवाहिका कारण भएको जनमानसमा चर्चा चलेको छ ।

वास्तवमा देशभरीका सहकारी संस्थाहरूको संख्याको तुलनामा समस्या ग्रस्त सहकारी न्यून रहेका छन् । संख्यात्मक हिसावले केहि प्रतिशत मात्र रहेका छन् तर रकमको हिसाबले २५ प्रतिशत भन्दा बढी ओगटेका छन् । सकारात्मक रूपमा लेखाजोखा गर्दा देश भरीमा ८०/९० वटा मात्रैको नाम बजारमा आएको पाइन्छ । तथापी भक्तपुरमा अवस्थित केहि गैर समुदायमा आधारित सहकारीको पनि समस्या ग्रस्त सहकारीको विवरणमा पाइएतापनि भक्तपुरको अधिकांश सहकारी समुदायमा आधारित भई नीति नियम अनुरूप चलेको पाइन्छ ।

अत : यस श्री बाराही साकोस समुदायमा आधारित नीति नियममा संचालित एक गुणस्तरीय सहकारी संस्थाको रूपमा परिचित गराइ सदस्यहरूको विश्वास दिलाउन सफल भएको संस्था हो । यस संस्थामा आवद्ध सदस्यहरूलाई प्रविधिमा रूपान्तरण गर्न संस्थाले प्रकाशित गरेको प्रकाशनहरू संस्थाको वेभसाइट, फेसवुक पेजबाट अध्ययन गर्न सक्ने व्यवस्था मिलाएको र संस्थाको बचत तथा ऋण कारोवारकालागि क्यूआर फोन पे, कनेक आइ पि एस, मोवाइल बैकिङ्ग सेवा लगायतका प्रविधि मार्फत कारोवार गर्न सकिने व्यवस्था समेत गरेको हुनाले प्रविधिलाई पनि आत्मसाथ गर्नु हुने आशाका साथ यस्तै सहयोग र निरन्तर कारोवारको अपेक्षा सहित यस बुलेटिनका लागि सहयोग गर्नु हुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछौं ।

## अध्यक्षको मन्तव्य



**श्री राधेश्याम सुवाल**
अध्यक्ष

संस्थाको २५औं वार्षिक साधारण सभाबाट मेरो नेतृत्वमा ११ सदस्यीय संचालक समिति निर्विरोध निर्वाचित भएकोमा सम्पुर्ण संस्थाका सदस्यहरू तथा कर्मचारीहरूलाई व्यक्तिगत तथा संचालक समितिको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । साथै मेरो नेतृत्वमा स्थापित यस संस्थालाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नु भएकोमा सम्पूर्ण सदस्य एवं सहकारीकर्मीहरू प्रति आभार व्यक्त गर्दछु ।

यस संस्थाको स्थापनाको मुलभुत उद्देश्य समुदायमा रहेका जनतालाई संस्थामा आवद्ध गराउने र आर्थिक कारोबार मार्फत सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याउने रहेको छ । संस्थाको क्षेत्राधिकार भित्र रहेका निम्न तथा मध्यम वर्गीय समाज तथा किसान वर्गलाई संस्थामा आवद्ध गराई नियमित कारोबार गराउने लक्ष्य राखी अगाडी बढेको छ । संस्थाको २५औं बसन्त पार गरेको अवस्थामा आर्थिक रूपमा ठूलो फड्को मार्न नसकिए पनि वित्तीय क्षमता निरन्तर रूपमा बढाउने कोशिसलाई सार्थकता दिन सकिएको छ ।

संस्थाका सदस्यहरूलाई आय क्षमता बढाउन आय-आर्जनका लागि विभिन्न सिपमुलक तालिम दिई रोजगारी श्रृजना गराउने लगायतका कार्यक्रम संचालन गरि आएको छ । साथै सदस्यहरू बिच वित्तीय कारोबार मार्फत स्वस्थ समाज निर्माण गर्न समुदायको सुस्वास्थ्यकालागि स्वास्थ्य शिविर, जानकारी मुलक कार्यक्रम, रक्तदान लगायत विविध कार्यक्रम गर्ने गरिएको छ ।

भक्तपुर आफैमा सँस्कृतिमा धनी जिल्ला हो यद्यपि समाजमा कला सँस्कृति सम्रक्षण र सम्बर्द्धन हुन सकिएन भने साँस्कृतिक शहर नारामा मात्र सिमित नहोस भन्ने हेतुले संस्थाका सदस्य तथा सदस्यका छोराछोरीहरूलाई विभिन्न खाले साँस्कृतिक बाजा प्रशिक्षण दिने गरेको छ ।

संस्थालाई सक्षम सवल वित्तीय सहकारीको रूपमा विकास गर्न सहकारी मुल्य मान्यतालाई आत्मसाथ गरि आएको छ । सहकारी सिद्धान्त अन्तराष्ट्रिय सहकारी प्रचलनलाई स्विकारी आवश्यकता अनुसार नीति निर्माण गरि नीतिगत कार्यान्वयन र व्यवस्थापनमा जोड दिँदै आएको जानकारी गराउन चाहन्छु । संस्थागत पुँजीको माध्यमबाट दिर्घकालिन रूपमा संस्था संचालन तथा व्यवस्थापन गर्ने लक्ष्यका साथ पुँजी निर्माणमा विशेष ध्यान पुऱ्याएको छ ।

वर्तमान अवस्थामा संस्थाको पूँजी पूर्ण रूपमा परिचालन नभएको र लगानी भएको ऋण तथा व्याज असुलीमा व्यवहारिक समस्या देखिएकोले ऋण लगानीमा सरल किसिमको कार्यविधि अपनाउने गरेको छ । संस्थाको लागत मूल्यलाई मुल्यांकन गरि समय सापेक्ष व्याजदर संशोधन परिमार्जन गरि लागु गरिएको छ ।

अतः संस्थाको संचालन व्यवस्थापन गर्न नवौं कार्यकाल ४ वर्षको लागि नयाँ संचालक समितिको निर्विरोध निर्वाचन सम्पन्न भै संस्थाको कार्य विभाजन कार्यान्वयनकालागि नीतिगत व्यवस्था अनुसार विभिन्न उपसमिति सदस्यहरू मनोनयन गर्ने कार्यपनि सम्पन्न भएकोले अब विस्तारै संस्थागत कार्यक्रमहरू अगाडी बढ्ने छ । संस्थाले गरिने विभिन्न खालको कार्यक्रम गतिविधीहरूलाई तपाई हामी सबैले साथ सहयोग दिइ सही निस्कर्षमा पुऱ्याउन हातेमालो गर्नुहुने विश्वास लिएको छ ।

**पद हस्तान्तरण तथा २५औं वार्षिक साधारण ...........**

गर्ने जिम्मेवारी मुख्यत समुदायमा आधारित सहकारी संस्थाको रहे को बारेमा बोल्नु भएको थियो ।

२५औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनको समिक्षा गरि कार्यक्रमका सबल तथा सुधार गर्नु पर्ने पक्षहरूको विश्लेषण गर्दै निवर्तमान अध्यक्ष श्री विश्वराम त्वायनाले समिक्षात्मक प्रस्तुतिका साथ आगामी दिनमा सुधार गर्दै जानुपर्ने जानकारी उपस्थित पदाधिकारीहरू सामु प्रस्तुत गर्नु भएको थियो ।




पद हस्तान्तरण तथा साधारण सभाको समिक्षा कार्यक्रममा नवनिर्वाचित लेखा सुपरिवेक्षण समितिका संयोजक श्री बालकृष्ण नागाले पनि बोल्नु भएको थियो । उक्त कार्यक्रमको संचालन संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले गर्नु भएको थियो ।

### शेयर थप सदस्य सम्मान-२०८०

आ.व.२०८०/०८१ मा शेयर थप गरि शेयर पुँजी रू.१,००,०००।- वा सो भन्दा बढी शेयर रकम पुर्याउने जम्मा ७ जना शेयर सदस्यहरूलाई सभाध्यक्ष श्री विश्वराम त्वायनाज्यूबाट कदर-पत्र र मायाको चिनो प्रदान गर्नुभयो ।

| क्र. नं. | नाम | सदस्य नं. |
|---|---|---|
| १ | विजेश लाखा | ६७० |
| २ | मिना नगरकोटी श्रेष्ठ | १३४१ |
| ३ | शान्ती मगिया | २६८९ |
| ४ | नरेश त्वानाबासु | २९६९ |
| ५ | सन्जय छुजु | ३७९५ |
| ६ | कृष्णेश्वरी सुवाल | ४२३८ |
| ७ | कृष नागा | ५३८६ |



**२५ औं वार्षिक साधारण सभा.........................**

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का उपाध्यक्ष श्री हरि वल्लज्यूले शुभकामना मन्तव्यमा वित्तिय संकुचनमा पनि तरलता व्यवस्थापन गर्न सकेका संस्थाको रूपमा चिनाउँदै सदस्यको विश्वास दिलाउन सक्ने संस्था नियमित मासिक बचतमा विशेष जोड दिने गरेको संस्थाको रूपमा चिनिने संस्था, सहकारीमा देखिएको समस्यामा सवैको एकजुट विचार घारालाई समस्या न्यूनिकरणमा अगाडी वढ्नु पर्ने विषयमा आफ्नो कुरा व्यक्त गर्नु भएको थियो ।




विशेष अतिथि बागमति प्रदेशका सभासद तथा नेमकिपाका केन्द्रीय सदस्य श्री सुरेन्द्र राज गोसाईज्यूले साधारण सभा भनेको सदस्य र संचालकहरू विच भलाकुसारी गर्ने थलोको रूपमा लिनुपर्दछ भन्नेकुरा व्यक्त गर्नु भएको थियो । शिपमूलक जनशक्ति निर्माण गर्नु पर्ने, समुदायमा आधारित सहकारी संस्थाले समुदायको चासोको विषयमा शिपमूलक व्यवहारिक शिक्षाको विकास गर्नु पर्नेमा जोड दिंदै साधारण सभाको सफलताको कामना व्यक्त गर्नु भएको थियो । सरकारबाट जनताहरूलाई निशुल्क शिक्षा र स्वस्थ्यको व्यवस्था गर्नु पर्नेबारेमा जानकारी गराउनु भएको थियो ।

सभामा संस्थाका कोषाध्यक्ष श्री विष्णु प्रसाद सुवालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै विगत केहि वर्ष देखि भक्तपुरमा यस सहकारीबाट लाभाँन्स वितरण गर्दा लाभाँन्स कोषबाट पुग्ने रकम मात्र वितरण गर्दै नमूना कार्य गर्दै आएको भन्दै यस आर्थिक बर्षमा पनि लाभाँन्स कोषको रकमबाट मात्र ८।२५ प्रतिशत लाभाँन्स वितरण गरेको जानकारी गराउनु भयो ।

संस्थाले आर्थिक वर्ष २०८०/०८१ मा नेपाल लेखामान अनुसार NFRS प्रणलीमा लेखा परिक्षण गर्दा असार मसा(न्तसम्म ९९ करोड ०७ लाख २२ हजार ९ सय ४५ रूपैयाको वासलात विवरण, नाफा नोक्सोन हिसावमा २ करोड ७ लाख ८९ हजार ५ सय ४० रूपैया कुल नाफा आर्जन गर्न सफल भएको सभामा जानकारी दिनुभएको थियो । सभामा सुवालले संस्थाको शेयर पुँजी ७ करोड ७९ लाख ७९ हजार ९सय र सदस्य संख्या बाल वचत कर्ता समेत गरि ६ हजार ६ सय १० जना रहेको जानकारी दिनु भयो ।

सभामा वार्षिक प्रतिवेदन पेश गर्दै सचिव श्री राधेश्याम सुवालले २०८०/०८१को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुती, विनियम संसोधन प्रस्ताव, आन्तरिक नीति नियम संसोधन प्रस्ताव पारित तथा अनुमोदनका साथ साथै चालु आर्थिक बर्ष २०८१/०८२ मा सहकारी ऐन नियम बमोजिम रही पल्स मापदण्डको आधारमा सदस्य बृद्धि गर्ने, शेयर पुँजी बृद्धिलाई निरन्तरता दिने, वचत बृद्धि गर्ने, संस्थाको कुल तरलता मध्ये कम्तीमा ५० प्रतिशत अल्पकालिन वित्तीय लगानीको रूपमा व्यवस्थापन गर्ने र कम्तिमा ७० प्रतिशत ऋण लगानी उत्पादनमूलक क्षेत्रमा जाने गरी परिचालन गर्ने वजेत प्रस्तुत गर्नु भएको थियो ।

सो अवसरमा श्री बाराही वचत तथा ऋण सहकारी संस्था लिका वयोवृद्ध सदस्यहरूलाई प्रमुख अतिथिमा आमन्त्रण गर्दै वयोवृद्ध सम्मान समेत गर्ने गरेका थियो । त्यसै गरि एस.ई.ई. तह पुरा गरेका संस्थामा आवद्ध सदस्यहरू एवं संस्थाका सदस्य परिवारहरूका छोराछोरीहरूले वार्षिक रूपमा एस ई ई सम्मान कार्यक्रम, उत्कृष्ट ऋणी सम्मान, शेयर पूजी बृद्धि सदस्य सम्मान र सदस्यता बृद्धि सम्मान लगायतका सम्मान कार्यक्रहरू गर्दै आएको जानकारी संस्थाका सचिवज्यूबाट सभामा जानकारी गराउनु भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाले दिगो सहकारीलाई आत्मसाथ गर्दै सहकारी शिक्षा तथा वित्तीय साक्षरता, प्रविधिवारे जानकारीमुलक कार्यक्रमलाई विशेष जोड दिंदै आइरहेको बताए । समुदायमा आधारित भएर सञ्चालन भएकै कारण बाराही साकोसले सदस्यहरूको विश्वास जित्न सफल भएको उनले बताए ।

**नवौं अधिवेशनले चयन भएका नयाा संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू**

२०८१ असोज १२, भक्तपुरको भुलँचा स्थित श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिको २५औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनले नयाँ सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति चयन गरेको छ । सभाले आगामी ४ बर्षे कार्यकालको लागि श्री राधेश्याम सुवालको अध्यक्षतामा नयाँ सञ्चालक समिति चयन गरेको हो ।



सुवालले संस्थाको शुरूवातमा ३ कार्यकाल अध्यक्ष भइ हाल सम्म संस्थाको संचालक समितिमा विभिन्न पदमा रहि संस्थालाई सेवा दिँदै आउनु भएको थियो । त्यसैगरी सभाले संस्थाको उपाध्यक्षमा बलराम प्रजापति, सचिवमा विष्णु प्रसाद सुवाल र कोषाध्यक्षमा रत्नकेशरी सुखुपायो सर्वसम्मत चयन गरेको छ । त्यसैगरी सञ्चालक समिति सदस्यहरूमा विश्वराम त्वायना, पुनेन्द्र प्रसाद कुसी, सर्मिला मानन्धर, कृष्ण प्रजापति, पुर्ण प्रसाद दुवाल, सृजन ग्वाछा, चंचल कर्मचार्य चयन भएका छन ।

त्यसै गरि लेखा सुपरीवेक्षण समितिको संयोजकमा वालकृष्ण नागा, सदस्यहरूमा लक्ष्मी जाकिवन्जार र शिवराम मानन्धर सर्वसम्मत चयन भएको निर्वाचन उसमितिले जनाकारी दिएको छ ।

## एस.ई.ई तह पुरा गरेका विद्यार्थीहरूलाई पुरस्कार तथा प्रशंसा-पत्र वितरण ।




साधारण सभामा २०८० सालको एस.ई.ई परीक्षामा सहभागी भएका सदस्य तथा सदस्यका छोराछोरीहरूबाट प्राप्त भएको लाब्धाङ्क पत्रको आधारमा जम्मा ६० जना निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरू रहेको थियो । जसमा उत्कृष्ट हुने १/१ जना विद्यार्थीहरू मध्ये सदस्य नं. २०२५ का सुलोचना प्रजापतिकी छोरी मेधा मा.वि का विद्यार्थी अंशु दिल प्रजापति र सदस्य नं. ३२९८ का ललिता देवी श्रेष्ठका छोरी ग्लोबल पब्लिक स्कूलका विद्यार्थी श्रीया भुजु गरि दुई जनालाई प्रशंसा-पत्र तथा जनही नगद पुरस्कार रू.५०००।-, साथै बांकी ५८ जना एस.ई.ई तह पुरा गर्नुहुने छात्रछात्राहरूलाई सभाका सभाध्यक्ष श्री विश्वराम त्वायनाज्यूबाट प्रशंसा-पत्र प्रदान गर्नुभयो ।

## उत्कृष्ट ऋणी सदस्य सम्मान-२०८०

आ.व.२०८०/०८१ को वार्षिक ऋण कारोबारमा ऋण सापटी लिई भाखा भित्र किस्ताबन्दीमा साँवा व्याज बुझाई ऋण चुक्ता गर्ने ऋणीहरू मध्ये गोला प्रथाबाट छनौट भएका सदस्य नं. ३०२९ का ऋणी श्री बिरेन्द्र कुमार मण्डलज्यूलाई यस वर्षको उत्कृष्ट ऋणी छनोट गरी, विशेष अतिथि वागमति प्रदेश सभासद श्री सुरेन्द्र राज गोसाईज्यूबाट २५औं वाषिक साधारण सभामा प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## सदस्यता बृद्धि सम्मान




संस्थाको सदस्यता नीति बमोजिम संस्थामा आवद्ध सदस्य कर्मचारी र पदाधिकारीहरूबाट सबै भन्दा वदि सदस्यता बृद्धि गरि संस्थालाई सहयोग गर्नु हुने सदस्यहरूलाई वार्षिक रूपमा सम्मान गर्ने कार्य निरन्तर रूपमा वार्षिक साधारण सभामा गर्दै आएको हुनाले आ.व. २०८०/०८१मा संस्थाका सदस्यहरूमध्येबाट सवैभन्दा वद्धि सदस्यता बृद्धि गर्नु हुने श्री मिनु लामिछाने, संचालक पदाधिकारीहरूबाट श्री न्हुछेलक्ष्मी सुजखु, उपसमितिका पदाधिकारीहरूबाट श्री सत्यलक्ष्मी गाइजु र कर्मचारीहरूबाट श्री अतुल सुजखुलाई २५औं वार्षिक साधारण सभामा सदस्यता बृद्धि सम्मान २०८१ वाट विशेष अतिथि श्री सुरेन्द्र राज गोसाईले कदर पत्र तथा मायाको चिनो प्रदान गरि सम्मान गर्नु भएको थियो ।

## उपसमितिका पदाधिकारीहरूको मनोनयम पत्र वितराण तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न ।

नवौ कार्यकालका लागि संस्थाको विभिन्न उपसमितिका लागि मिति २०८१/०६/२९ गते प्रकाशित ७ दिने इच्छापत्र पेश गर्ने सूचना बमोजिम २०८१ कार्तिक ६ गतेको संचालक समितिको निर्णय बमोजि मिति २०८१ कार्तिक १० गते नयाँ उपसमितिका पदाधिकारीहरूको चयन गरि मनोनय पत्र वितरण गरेको थियो । मनोनयन पत्र वितरण तथा शुभकामना आदान प्रदान कार्यक्रममा संस्थाका अध्यक्ष श्री राधेश्याम सुवालले संस्थाको नियमानुसार इच्छा पत्र पेश गरेका उपसमितिका सदस्यहरूलाई मनोनय पत्र वितरणका साथै २०८१ सालको तिहारको उपलक्ष्यमा सम्पुर्ण सदस्यहरू, पदाधिकारी र कर्मचारीहरूमा शुभकामना व्यक्त गर्नु भएको थियो ।



**साधारण सभाबाट पारित/अनुमोदन तथा निर्णयहरू :**

२५औं वार्षिक साधारण सभा २०८१/०६/१२ गते शनिबारका दिन शुभकामना पार्टी प्यालेस, कालाँचा, भक्तपुरमा प्रमुख अतिथि सदस्य नं. १४४० का आश बहादुर सुवालज्यू, विशेष अतिथि वागमति प्रदेश सभासद श्री सुरेन्द्र राज गोसाई, विशेष अतिथि नेफ्स्कूनका संचालक खेम राज सुवेदी, अतिथिमा राष्ट्रिय सहकारी बैंक, प्रोस्कून, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ र विभिन्न प्रारम्भिक सहकारी संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको सभाध्यक्षतामा सम्पन्न भएको थियो । उक्त साधारण सभामा तपसिलमा उल्लेखित प्रस्तावित विषयहरूको निर्णय तथा अनुमोदन पारित भएको थियो ।



**छलफलका विषयहरु**

१. आ.व. २०८०/०८१ को वार्षिक कार्य प्रगति प्रतिबेदन पारित सम्वन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित सम्वन्धमा ।
३. आ.व. २०८०/०८१ को लेखापरिक्षण बि. आर. बि. एस्. एण्ड एसोसिएट्सबाट गराउने सञ्चालक समितिको निर्णय अनुमोदन एवं NFRS लेखापरीक्षण प्रतिबेदन पारित सम्वन्धमा ।
४. आ.व. २०८०/०८१ को आर्थिक कारोवार, नाफा नोक्सान तथा वासलात हिसाव पारित सम्वन्धमा ।
५. आ.व. २०८०/०८१ को शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष वितरण पारित सम्वन्धमा ।
६. चालु आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण सम्वन्धमा ।
७. चालु आ.व. २०८१/०८२ को अनुमानित श्रोत तथा उपयोग र आय-व्यय बजेट कार्यक्रम पारित सम्वन्धमा ।
८. आ.व. २०८०/०८१ मा संचालक समिति र उपसमितिहरूबाट भए गरेका निर्णयहरू अनुमोदन तथा पदाधिकारीहरूको भत्ता तथा व्यवस्थापकको पारिश्रमिक सम्बन्धमा ।
९. विनियम संशोधन तथा पुनः लेखन सम्बन्धमा ।
१०. संस्थाको विभिन्न आन्तरिक नीति नियमहरू संशोधन तथा परिमार्जन प्रस्ताव पारित तथा अनुमोदन सम्वन्धमा
११. संचालक समितिबाट पेश भएको विशेष प्रस्ताव पारित सम्बन्धमा ।
    क. अन्य सहकारी संस्थासंग गाभिने ।
    ख. लघु वित्त कार्यक्रम संचालन गर्ने ।
१२. नयाँ कार्यकालको लागि निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१३. निर्णय प्रमाणिकरणका लागि माइन्युट प्रतिनिधिहरू चयन सम्बन्धमा ।
१४. विविध ।

**निर्णय नं. १.**

आ.व. २०८०/०८१ को वार्षिक कार्य प्रगति प्रतिबेदन संस्थाको संचालक समितिको तर्फबाट सचिव श्री राधेश्याम सुवालले प्रस्तुत गर्नु भएको प्रतिवेदन यस सभाबाट पारित गरियो ।

**निर्णय नं. २.**

संस्थाका लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री रूमन श्रेष्ठबाट प्रस्तुत आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यस सभाबाट पारित गरियो ।

**निर्णय नं. ३.**

लेखापरिक्षक बि.आर.बि.एस एण्ड एसोसिएट्सका सिए विजय सुकुपायोद्धारा प्रस्तुत आ.व.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन पारित तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.**

संस्थाका कोषाध्यक्ष श्री बिष्णु प्रसाद सुवालद्धारा प्रस्तुत लेखापरिक्षक बि. आर. बि. एस एण्ड एसोसिएट्सका सिए विजय सुकुपायोद्धारा तयार गरेको लेखा परिक्षण प्रतिवेदनको आधारमा आ.व. २०८०/०८१ को आय व्ययको आधारमा आय बचत रू. २,०७,८९,५४०।२० र सम्पत्ती तथा दायित्व रू. ९९,०७,२२,९४५।२४ वासलात हिसाव रहेको वित्तीय प्रतिवेदन यस सभाबाट पारित गरियो ।

**निर्णय नं. ५.**

सहकारी ऐन २०७४ र नियमावली २०७५ बमोजिम संस्थाको आ.व. २०८०/०८१ को आम्दानी बचतबाट कोष बाँडफाँड भई शेयर लाभांश कोषमा रू.६५,४९,४०१।६२ रहेको रकमलाई चुक्ता शेयर पुँजीको आधारमा ८।२५ प्रतिशत नगद लाभांश वितरण गर्ने संचालक समितिको निर्णय पारित गरियो ।

साथै आ.व.२०८०/०८१ को संरक्षित पुँजी फिर्ता कोषमा रहेको रू. ३३,३१,२१६।७८ संस्थाको संरक्षित पूँजी फिर्ता कोष वितरण निर्देशिका-२०७९ अनुसार ऋण तर्फ ६० प्रतिशत र बचत तर्फ ४० प्रतिशत अनुपातको आधारमा सदस्यहरूलाई वितरण गर्ने संचालक समितिको निर्णय यस सभाबाट पारित गरियो । उल्लेखित सदस्य सुविधा रकम प्रत्येक सदस्यको सुविधा बचत खातामा जम्मा गरि आवश्यकताको आधारमा सदस्यको माग बमोजिम भुक्तानी गर्ने व्यवस्था मिलाईयो ।

**निर्णय न. ६.**

चालु आ.व. २०८१/०८२ को लागि वाह्य लेखापरीक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा सूचना आव्हान गर्दा देहाय बमोजिमका प्रस्तावहरू पेश भएकोले उल्लेखित लेखा परिक्षकहरू मध्ये क्रमगत रूपमा पहिलो क्रम अनुसार प्राथमिकता दिने गरि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने र लेखा परिक्षकको पारिश्रमिक रू. २,२६,०००।-(अक्षरेपी दुई लाख छबीस हजार रूपैयाँ मात्र ।) भ्याट समेत दिने संचालक समितिको निर्णय यस सभाबाट पारित गरियो ।

क. एस भण्डारी एण्ड एसोसिएट्स
ख. जे भण्डारी एण्ड एसोसिएट्स
ग. चौलागाई एन एण्ड एसोसिएट्स

**निर्णय नं. ७**

संस्थाको सातौ त्रिवर्षिय व्यवसायिक योजना (२०७९/०८० देखि २०८१/०८२) संशोधित समेतको आधारमा बजेट तयारी उपसमितिले तयार गरी आवश्यक संशोधन सहित संचालक समितिले निर्णय गरेको संस्थाको चालु आ.व. २०८१/०८२ को श्रोत तथा उपयोग तर्फ रू. १,२५,६१,६४,०००।- र आय ब्यय रू. १५,७४,१४,८००।- हुने वित्तीय प्रक्षेपन कोषाध्यक्ष श्री विष्णु प्रसाद सुवालज्यूले प्रस्तुत गरिएको अनुमानित वित्तीय प्रतिवेदन यस सभाबाट पारित गरियो ।

**निर्णय नं. ८.**

आ.व. २०८०/०८१ मा संचालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूले गरेको निर्णय तथा कार्यान्वयन भएका संस्थागत कार्यक्रमहरू यस सभाबाट पारित गरियो । साथै संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरू र व्यवस्थापकलाई निम्नानुसारको भत्ता सुविधा तथा पारिश्रमिक प्रदान गर्ने यस सभाबाट पारित गरियो ।

क. संचालक/लेखा सुपरिवेक्षण समितिः- प्रति बैठक प्रति व्यक्ति बैठक भत्ता रू. १०००।-
ख. उपसमितिः- प्रति बैठक प्रति व्यक्ति बैठक भत्ता रू. ८००।-
ग. संघ संस्थाको तालिम तथा कार्यक्रममा प्रतिनिधि सहभागी वापतको सुविधाः- प्रति बैठक प्रति व्यक्ति भत्ता रू. १०००।-
घ. संचार सुविधा (वार्षिक एक पटक) :- अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समिति संयोजकलाई प्रति व्यक्ति प्रति वर्ष रू. ८०००।-
ङ. संचालक समितिका सदस्य र लेखा सुपरिवेक्षण समितिका सदस्यलाई प्रति व्यक्ति प्रति वर्ष रू. ६०००।-
छ. उपसमितिका सदस्यहरूलाई प्रति व्यक्ति प्रति वर्ष रू. ४०००।-
ज. व्यवस्थापकको मासिक तलव/पारिश्रमिकः- रू. ४८,८२७।-, ग्रेड रू. ४,८१५।-, सामाजिक सुरक्षा कोष, इन्धन खर्च, मानव संशाधन नीति अनुसार दशैं खर्च, बोनस, संचालक समितिले निर्णय गरे अनुसार अन्य सुविधा ।

**निर्णय नं. ९.**

सहकारी ऐन-२०७४ र नियमावली-२०७५ बमोजिम सहकारी संस्थाको विनियममा आवश्यक संशोधन गर्नुपर्ने भएकोले संस्थाको विनियम २०५६ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी संचालक समितिले विभिन्न समयमा गरेको निर्णय पारित तथा अनुमोदनको लागि साधारण सभामा दशौं विनियम संशोधन २०७९ र २०८० प्रस्ताव पेश गरेको भएतापनि नियामक निकायबाट स्विकृत हुन बांकी रहेको हुनाले पुनः यस वर्षको साधारण सभामा दशौं विनियम संशोधन-२०८१ प्रस्ताव संलग्न तीन महले विवरण अनुसार पेश गरेको प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

साथै संस्थाको विनियम-२०५६ मा सहकारी ऐन नियममा व्यवस्था भए बमोजिम विभिन्न समयमा संशोधन तथा पारित गरि सम्बन्धित निकायबाट स्विकृति भई छरिएर रहेका विनियम संशोधनहरूलाई संग्रहित गर्ने उद्देश्यले सहकारी ऐन २०७४ को दफा २७ अनुसार सहकारी संस्थाको विनियम पुनलेखन गर्न आवश्यक भएकोले श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. विनियम-२०५६, पुनलेखन २०८१ कायम गर्ने गरि संस्थाको विनियम पुनलेखन गर्ने निर्णय भएकोले नियामक निकाय भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग, वागमती प्रदेश हेटौडामा स्विकृतिका लागि पेश गर्ने प्रस्ताव यस सभाबाट पारित तथा निर्णय गरियो ।

**निर्णय नं. १०.**

संस्था संचालनको लागि आवश्यक नीति, निर्देशिका, कार्यविधि संशोधन तथा परिमार्जन गरि विभिन्न समयमा संचालक समितिबाट निर्णय गरि लागु भएका तपसिल बमोजिमका नीति नियमहरू यस सभाबाट अनुमोदन गरियो ।

क. सामाजिक परिक्षण संचालन निर्देशिका-२०८०
ख. अनिवार्य किस्ता बन्दी ऋण लगानी तथा असुली कार्यविधि-२०८०
ग. ऋण व्यवस्थापन नीति-२०८०
घ. साधारण सभा तथा सदस्यता नीति-२०८१
ङ. शेयर प्रवर्द्धन नीति-२०८१
च. आर्थिक तथा प्रशासन सम्बन्धी कार्यविधि-२०८१

**निर्णय नं. ११.**

क. सहकारी ऐन २०७४ को दफा ८७, सहकारी नियमावली २०७५ को दफा ३९ तथा संस्थाको विनियम २०५६ को दफा ७१ अनुसार सदस्यहरूलाई क्षेत्रगत सेवा सुविधा दिने उद्देश्यले कार्यक्षेत्र भित्रका अन्य इच्छुक समानान्तर सहकारी संस्थासंग आवश्यकता र औचित्यताको आधारमा अन्य कुनै सहकारी संस्था र यस सहकारी संस्था बिच एकिकरण गर्न वा संस्थाले अर्को कुनै सहकारी संस्थासंग एकिकरणका लागि सहकारी ऐन, नियम बमोजिम संस्था गाभ्ने गाभिने

प्रस्ताव पेश गर्न निर्णय गर्ने अख्तियारी संस्थाको संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

ख. लघु वित्त कार्यक्रम अर्न्तगत संस्थाको कार्यक्षेत्र भित्रका समुदायलाई समुह बचतको माध्यमबाट लघुवित्त कार्यक्रम मार्फत समुह बचत तथा ऋण परिचालनलाई व्यवस्थित र प्रभावकारी ढंगबाट संचालन गर्न आवश्यक नीति नियम कार्यविधि बनाई चालु वर्षमा लागु गर्ने संचालक समितिको निर्णय प्रस्तावलाई पारित गरियो ।

**निर्णय नं**. १२.

संस्थाको संचालक समितिको २०८१ भाद्र ९ गतेको निर्णय अनुसार गठन भएको संस्थाको निर्वाचन उपसमितिले मिति २०८१/०५/२० गते प्रकाशित गरेको निर्वाचन कार्य तालिका अनुसार निर्वाचन उपसमितिको निर्णय बमोजिम उम्मेदवारी दर्ता गर्नु भएका देहाय बमोजिमका उम्मेदवारहरू निर्विरोध निर्वाचित भएको घोषणालाई यस सभाबाट पारित तथा अनुमोदन गरियो ।

**संचालक समिति पदाधिकारीहरू**

| | |
|---|---|
| १. अध्यक्ष | श्री राधेश्याम सुवाल (सदस्य नं. १) |
| २. उपाध्यक्ष | श्री बलराम प्रजापति (सदस्य नं. ३०) |
| ३. सचिव | श्री विष्णु प्रसाद सुवाल (सदस्य नं. १३२) |
| ४. कोषाध्यक्ष | श्री रत्न केशरी सुखुपायो (सदस्य नं. २८१८) |
| ५. सदस्य | श्री विश्वराम त्वायना (सदस्य नं. २८) |
| ६. सदस्य | श्री पुनेन्द्र प्रसाद कुसी (सदस्य नं. १५५०) |
| ७. सदस्य | श्री सर्मिला मानन्धर (सदस्य नं. २६) |
| ८. सदस्य | श्री चंचल कर्माचार्य (सदस्य नं. ८४६) |
| ९. सदस्य | श्री कृष्ण प्रजापति (सदस्य नं. १९५) |
| १०. सदस्य | श्री पुर्ण प्रसाद दुवाल (सदस्य नं. ५१०) |
| ११. सदस्य | श्री सृजन ग्वाछा (सदस्य नं. ३५०६) |

**लेखा सुपरिवेक्षण समिति पदाधिकारीहरू**

| | |
|---|---|
| १. संयोजक | श्री बाल कृष्ण नागा (सदस्य नं. २२६६) |
| २. सदस्य | श्री शिवराम मानन्धर (सदस्य नं. ८४) |
| ३. सदस्य | श्री लक्ष्मी जाकिबन्जार (सदस्य नं. ८४४) |

**निर्णय नं**. १३.

२५औं बार्षिक साधारण सभामा पारित तथा अनुमोदन भएको निर्णय पुस्तिकामा साधारण सभामा उपस्थित सदस्यहरूको तर्फबाट प्रतिनिधित्व गरी प्रमाणित गर्न सदस्यहरूले स्वघोषित रूपमा तपसिल बमोजिमका सदस्यहरू प्रस्तावित भएकोले सभाबाट स्विकृतीका लागि स.नं. ५४८ का सिता लक्ष्मी खर्बुजा, स.नं. २०२५ का सुलोचना प्रजापति, स.नं. ३५६८ का रीता त्वायना, स.नं. ७२८ का रमिला कोजु, स.नं. ७७३ का बुद्धलक्ष्मी खर्बुजा, स.नं. ३३४३ का राम भक्त कोजु, स.नं. २४५० का लक्ष्मी हालेयो, स.नं. २२३१ का चन्द्र लक्ष्मी दुमरू, स.नं. २८६० का सत्य राम फांगुलु, स.नं. २७६३ का जीत लक्ष्मी महर्जन, स.नं. ३४२० का रंजित सिल्पकार, स.नं. ३४२१ का सुन्तली सिल्पकार गरी १२ जना र संचालक समितिको ११ जना समेत २३ जनाले निर्णय पुस्तिकामा प्रमाणित गरिएको छ ।

**निर्णय नं**. १४

विविध विषय नरहेको ।

## ऋण सम्बन्धि अन्तरक्रिया कार्यक्रम एवं साधारण सभाको विस्तारित बैठक सम्पन्न ।

मिति २०८१ भाद्र २५ गते, शनिबार श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को ऋण उपसमितिको आयोजनामा ऋणी सदस्यहरूसंग ऋण सम्बन्धी अन्तरक्रिया कार्यक्रम एवं संस्थाको २५औं वार्षिक साधारण सभा सम्बन्धी सदस्यहरूलाई जानकारी गराउने उद्देश्यले सभाको विस्तारित बैठक संस्थाको तालिम हलमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा ऋण उपसमितिका संयोजक श्री राम कृष्ण ग्वाछाज्यूको संयोजकत्वमा अतिथि संस्थाका अध्यक्ष श्री विश्वराम त्वायना, संस्थापक अध्यक्ष एवं सचिव श्री राधेश्याम सुवाल समेतको मञ्च आसनमा औपचारिक कार्यक्रम गरिएको थियो । मन्तव्यको क्रममा सचिव श्री राधेश्याम सुवालले ऋणी सदस्यहरू भनेको संस्थाको मेरूडण्ड हो ।

ऋणी सदस्य असल र सही ढंगबाट बुझाउनु पर्ने साँवा व्याज भुक्तानी गर्नु हुन अनुरोधका साथै असल ऋणी भई निरन्तर नियमित भुक्तानी गर्दै आइरहेका ऋणी सदस्यहरूको राय सुझाव संकलन गरि आउँदो २५ औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनमा पेश गर्ने प्रस्तावहरूको वारेमा जानकारी गराउनु भएको थियो ।




## रक्त चाप परिक्षण :

संस्थाको २५औं वार्षिक साधारण सभामा उपस्थित हुने सदस्यहरूको सुस्वास्थ्यको लागि संस्थाको आयोजनामा उपस्थित सदस्यहरूमध्ये २२८ जनाले आफ्नो रक्त चाप परिक्षण गराउनु भएको थियो ।

## वार्षिक समिक्षा तथा चालु आ. व. को बजेट बमोजिमको योजना तथा कार्यक्रम गोष्ठी सम्पन्न ।

मिति २०८१ श्रावण २६ गते शनिवारका दिन संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको अध्यक्षतामा संस्थाको वार्षिक समिक्षा तथा चालु आ.व.को वार्षिक योजना तथा कार्यक्रम, होटेल सिटी गाउँमा सम्पन्न भयो ।

संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको अध्यक्षतामा सम्पन्न समिक्षा तथा गोष्ठी कार्यक्रमको औपचारिक कार्यक्रममा अध्यक्ष, लेखा सुपरिवेक्षण समितिका संयोजक, उपाध्यक्ष, सचिव, कोषाध्यक्षको मञ्च आसानबाट शुरू भएको गोष्ठी कार्यक्रममा उपाध्यक्ष श्री कृष्णभक्त वोडेज्यूबाट स्वागत मन्तव्य राख्नु भएको थियो भने अध्यक्षज्यूको औपचारिक मन्तव्यमा समिक्षा तथा गोष्ठी संचालन भएको थियो ।

समिक्षा तथा गोष्ठीमा संस्थाको व्यवस्थापनका कर्मचारीहरूमा व्यवस्थापक श्री शिवजी हाकुदुवालबाट संस्थाको आ.व. २०८०।०८१ को वार्षिक समिक्षात्मक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै वर्तमान समयमा वित्तीय संकुचनका बाबुजद पनि संस्था सबल, सक्षम, यथेस्त तरलता र नाफा कमाउन सफल भएको बताउनुभयो । फलस्वरूप संस्थाको लाभान्स कोषबाटै गत सालको हाराहारीमा लाभान्स वितरण गर्न सकिने समेत व्यक्त गर्नु भएको थियो । वार्षिक समिक्षामा बरिष्ठ ऋण सहायक श्री राजमति सुवाल, वरिष्ठ प्रशासन सहायक श्री कल्पना दुवाल र लेखा आधिकृत श्रीकृष्ण ख्याजुले समेत क्रमश समिक्षात्मक ऋण प्रगति विवरण, प्रशासनिक प्रगति विवरण, लेखा सम्वन्धी प्रगति विवरण पेश गरेको थियो ।



संस्थाका बिभिन्न उपसमितिका संयोजक एवं संचालक सदस्यहरू बलराम प्रजापति, पुनेन्द्र प्रसाद कुसी, रत्नकेशरी सुखुपायो, उपाध्यक्ष श्री कृष्ण भक्त वोडे, उपसमिति सदस्यहरू सृजन ग्वाछा, रवि ध्वजु, ऋषी केशवभक्त तिमिला, रचना खायमलि समेतले आ-आफ्नो जिम्मेवारीहरूको कार्य प्रगतिको समिक्षा एवं आगामी वर्षको योजनाहरूको वारेमा वोल्नु भएको थियो ।

संस्थाका कोषाध्यक्ष श्री विष्णु प्रसाद सुवालज्यूबाट संचालक समितिबाट पारित चालु आ.व २०८१।०८२को वार्षिक वजेट अनुसारको भावि योजना, नीति तथा कार्यक्रमहरूको जानकारी गोष्ठीमा पेश गर्नुका साथै चालु आ.व.मा पनि वित्तीय रूपमा चुनौतिको सामना गर्नुपर्ने देखिएकोले छुटै वित्तीय कार्ययोजना लगायत कार्यदलको समेत व्यवस्था गर्नु पर्ने वारे वोल्नु भएको थियो ।




संस्थाका संस्थापक अध्यक्ष एवं सचिव श्री राधेश्याम सुवालज्युले एक्सेस कार्यक्रमको पाम कार्यशाला गोष्ठीको निर्णयहरू तथा जानकारी गराउनुका साथै विगतको समिक्षा र भावि कार्य योजनाको वारेमा प्रस्त पार्नु भएको थियो । उहाँले भावि योजनामा प्रविधिको अद्यावधिक गर्नु पर्ने, ऋण लगानी तथा असुली वारे, सदस्यता वितरण तथा खारेजी, कर्मचारी तथा पदाधिकारीको सम्पत्ति विवरण र पुलिस रिपोर्ट पेश गर्ने वारे लगायत अन्य कुराहरूमा विशेष जोड दिँदै वोल्नु भएको थियो ।

संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको सभापतित्वमा सम्पन्न कार्यक्रमा उपस्थित सम्पूर्ण संस्थापक, संचालक, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारी लगायत व्यवस्थापनका सम्पूर्ण कर्मचारीहरू गरि जम्मा ३७ जनालाई यस गोष्ठीमा सहभागि भएकोमा धन्यवाद दिनु भएको थियो । साथै कार्यक्रममा उठेका जिज्ञासा र प्रति प्रश्नको उत्तरका साथै आ-आफ्नो जिम्मेवारी पूर्ण रूपमा निभाउनु भएको र आगामी दिनहरूमा पनि साथ सहयोग हुने अपेक्षा समेत राख्नु भएको थियो । वर्तमान समय प्रविधिको युग भएकोले प्रविधिलाई अनुसरण गर्न नसेकेमा पदाधिकारीहरू लगायत संस्था पनि पछाडि पर्ने भएको हुँदा प्रविधिलाइ आत्मसाथ गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो । आगामी हुने चुनावी साधारण सभामा संस्थाको नियमानुसार र निर्वाचन निर्देशिका अनुरूप Fit and Proper Test बमोजिम मात्र संचालक पदाधिकारी मनोनयन हुने समेत जानकारी गराउनु भएको थियो ।

## संरक्षित पुजी फिर्ता कोषबाट सम्मान ।

आ.व. २०८०/०८१ को संरक्षित पुँजी फिर्ता कोषमा रू. ३३,३१,२१६।- रकम मध्ये नीति बमोजिम ऋणमा ६० प्रतिशतमा रू. १९,९८,७३०।- र बचतमा ४० प्रतिशतमा रू. १३,३२,४८६।- बाट अनुपातिक रूपमा योगदानको आधारमा बाँडफाँड गर्दा सवै भन्दा बढि प्रोत्साहन स्वरूप रकम फिर्ता पाउनेहरू मध्ये ऋण तर्फ सदस्य नं ३३५३ का श्री प्रविण कुस्मा (रू. २९,७६८।-) र बचततर्फ सदस्य नं. ८६७ का श्री मदन सुवाल (रू. ३१,७४४।-) लाई संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्यूबाट नगद तथा सम्मान पत्र प्रदान गर्नुभयो ।

## दन्त सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न ।

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.को महिला उपसमितिका संयोजक श्री सर्मिला मानन्धरको सभापतित्वमा संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाको आतिथ्यतामा मिति २०८१ भाद्र २२ गते संस्थाको तालिम हलमा दन्त सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाले कार्यक्रममा बोल्नु हुँदै उपस्थित सम्पूर्ण सदस्यहरूलाई संस्थाको आगामी हुने २५ औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनको जानकारी गराउनुका साथै नेतृत्व परिवर्तन प्रणाली, विभिन्न संस्थागत तालिम तथा कार्यक्रमहरू आदिवारे जानकारी गराउनुका साथ साथै संस्थाका विविध विषयहरूको वारे बाल्नु भएको थियो ।

अभिमुखिकरण कार्यक्रमा प्राविधिक सहयोग गर्नु हुने सहजकर्ता डा. रसिला मानन्धरज्यूले दन्त सम्वन्धी लेयरहरूको प्रकार, दन्त क्षयका कारण, उपचार, रोकथाम, दात माझ्ने विधि, गिजा सुनिने कारण, लक्षणहरू, मुख दुर्गन्धका कारणहरू, उपचार विधि, मुखको क्यान्सरका कारणहरू आदीवारे उपस्थित सदस्यहरलाई जानकारी गराई सदस्यहरूको सु-स्वास्थ्य र दिर्घायुको कामन गर्नु भएको थियो ।




महिला उपसमितिका संयोजक एवं अभिमुखिकरण कार्यक्रमका सभापति श्री सर्मिला मानन्धरज्यूले उपस्थित जम्मा ४७ जना सदस्यहरू, आयोजक उपसमितिका पदाधिकारीहरू, व्यवस्थापनका कर्मचारीहरू लगायत प्राविधिक सहयोग गर्नु हुने सहजकर्ता डा. रसिला मानन्धरज्यूलाई विशेष धन्यवादका साथ साथै कार्यक्रम समापन गर्दै स्वस्थ्य नै धन हो यो धनलाई आफु संग राख्ने हो भने यसको संरक्षण सम्रक्षण गर्न सिक्नु पर्दछ भन्दै नियमति रूपमा दात परिक्षण गरिरहनु पर्दछ भनि वोल्नु भएको थियो ।

अभिमुखिकरण कार्यक्रमा उपसमितिका सदस्य श्री उर्मिला न्हुछेले कार्यक्रम संचालन गर्नु भएको थियो भने उपसमितिका सदस्य रचना खायमलीले उपस्थित सदस्यहरू लाई स्वागत गरेको थियो ।

## एस.ई.ईका विद्यार्थी भेला तथा विस्तारित बैठक कार्यक्रम सम्पन्न ।



२०८०मा एस. इ. इ. तह उत्तिर्ण गर्नु हुने संस्थामा आवद्ध सदस्य तथा सदस्यहरूका छोराछोरीहरू संस्थाको वारे र २५औं वार्षिक साधारण सभाको वारे जानकारी गराउने उद्देश्यले संस्थाको तालिम हलमा सहभागि गराई संस्थाको गतिविधिहरू लगायत विद्यार्थी भाइ बहिनीहरूको शैक्षिक स्तरको प्रगतिको कामनाका साथ संस्थाको साधारण सभा तयारी समितिले आयोजना गरेको एस. ई. ई. भेला तथा साधारण सभा सम्वन्धी विस्तारित मञ्च कार्यक्रम सम्पन्न गरेको थियो ।

## मृतक सदस्य राहत सुविधा

आर्थिक वर्ष २०८१/०८२ मा मृतक सदस्य राहत बिमा सुविधामा समावेश भएका सदस्यहरू मध्ये निधन भएका सदस्यह(रूका परिवारलाई तपसिल बमोजिम मृतक सदस्य राहत विवरण गरिएको छ ।



| क्र.सं. | मृतकको नाम | सदस्य नं. | राहत रकम | क्रिया खर्च |
|---|---|---|---|---|
| १ | गोपाल सुवाल | ९५५ | ५०,०००/- | ५,०००/- |
| २ | पुर्ण भगत कसलवट | २४९४ | ५०,०००/- | ५,०००/- |
| ३ | राजमति सुवाल | ९६ | ५०,०००/- | ५,०००/- |

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

### नवौं कार्यकालका संचालक समितिका पदाधिकारीहरू



**अध्यक्ष**
श्री राधेश्याम सुवाल



**उपाध्यक्ष**
श्री बलराम प्रजापति



**सचिव**
श्री विष्णु प्रसाद सुवाल



**कोषाध्यक्ष**
श्री रत्नकेशरी सुखुपायो



**संचालक सदस्य**
श्री विश्वराम त्वायना



**संचालक सदस्य**
श्री पुनेन्द्र प्रसाद कुसी



**संचालक सदस्य**
श्री शर्मिला मानन्धर



**संचालक सदस्य**
श्री चन्चल कर्माचार्य



**संचालक सदस्य**
श्री कृष्ण प्रजापति



**संचालक सदस्य**
श्री पूर्ण प्रसाद दुवाल



**संचालक सदस्य**
श्री सृजन ग्वाछा

### नवौं कार्यकालका लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू



**संयोजक**
श्री बालकृष्ण नागा



**सदस्य**
श्री लक्ष्मी जाकिबन्जार



**सदस्य**
श्री शिवराम मानन्धर

**जुनसुकै बैंक वित्तीय संस्थाको खातामा रहेको रकम Connect IPS मार्फत सिधै श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. मा रहेको खातामा रकम ट्रान्सफर गर्न सकिने व्यवस्था सुचारु भइसकेको छ ।**




**Connect IPS बाट रकम Transfer गर्ने प्रक्रिया ।**

१. आफ्नो Connect IPS login गर्नुहोला ।
२. ड्यासबोर्डमा रहेको Financial Institution मा गई Co-operative transfer मा जानुहोस् ।
३. Sender details मा गई आफ्नो बैंक खाता छनौट गरी पठाउन चाहेको रकम भर्नुहोस ।
४. Benificiary Details मा गई service provider मा गई Shree Barahi Saving & Credit C0-operative LTD. Bhaktapur छनौट गरी श्री बाराही साकोसमा रहेका आ-आफ्नो खाता नं./मोइल नं./remark राखि payment गर्नुहोस ।
५. अन्तिममा verify transcation password मा गई आफ्नो connect IPS को transaction password राख्नुहोस ।




### बचत तथा ऋण शिर्षकको ब्याजदर

| क्र. सं. | बचत प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| १ | नियमित बचत | ५ |
| २ | बाराही संचित बचत | १० |
| ३ | बाल बचत | ५.५ |
| ४ | खुत्रुके बचत | ५ |
| ५ | पेन्सन बचत | ७.५ |
| ६ | महशुल बचत | ५ |
| ७ | कारोवार बचत | ११ |

| क्र. स. | बचत प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| ८ | गहना बचत | ५ |
| ९ | सवारी साधन बचत | ५ |
| १० | शैक्षिक बचत | ५ |
| ११ | ऐच्छिक बचत | ३.५ |
| १२ | दैनिक बचत | ४ |
| १३ | घर निर्माण बचत | ५ |

| क्र.सं. | आवधिक बचत | एकमुष्ठ (%) | त्रैमासिक (%) | मासिक (%) |
|---|---|---|---|---|
| १ | ३ महिने | ५.५ | | |
| २ | ६ महिने | ६ | ५.७५ | ५.५ |
| ३ | १ वर्षे वा सो भन्दा माथि | ६.५ | ६.२५ | ६ |
| ६८ वर्ष नाघेका वृद्ध सदस्यहरूको (३ महिने देखि १ वर्ष) आवधिक बचतमा कायम व्याजदरमा ०।२५ प्रतिशत थप हुनेछ । | | | | |

| क्र.सं. | ऋणको प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| १ | ब्यापार/ब्यवसाय ऋण | १२.२५ |
| २ | हायर पर्चेज ऋण | १३.०० |
| ३ | सामाजिक ऋण | १३.०० |
| ४ | आवधिक बचत धितो ऋण | +२ |
| ५ | घडेरी/घर निर्माण ऋण | १२.२५ |
| ६ | शैक्षिक ऋण | ११.२५ |
| ७ | कृषि ऋण | ११.२५ |
| ८ | घरजग्गा ब्यवसाय ऋण | १३.०० |
| ९ | पून निर्माण ऋण | ९.७५ |
| १० | व्यवसायिक ऋण | १२.५० |
| ११ | व्यवसाय ऋण | १२.५० |
| १२ | उद्योग ब्यवसाय ऋण | १२.२५ |
| १३ | व्यवसाय पूनरूथान ऋण | |
| | घ महिने पूनरूथान ऋण | १० |
| | ट महिने पूनरूथान ऋण | ११ |
| | ज्ञ वर्षे पूनरूथान ऋण | १२ |

**नोटः** मासिक रुपमा समयभित्र ऋणको व्याज भुक्तानी गरेमा पाकेको व्याजमा ७ % रिवेट (व्याज छुट) प्रदान गर्नेछ ।

# संस्थाका विविध गतिविधिहरूको एक झलक



२५औं वार्षिक साधारण सभामा उपस्थित अतिथि तथा सदस्यहरु




नवौं कार्यकालका लागि निर्विरोध निर्वाचित पदाधिकारीहरु



वार्षिक समिक्षा एवं २०८१/८२ को योजना तथा कार्यक्रम गोष्ठी




दन्त सम्बन्धी अभिमुखिकरण कार्यक्रम




SEE तह उत्तीर्ण विद्यार्थी भेला तथा AGM सम्बन्धी विस्तारित भेला




ऋण सम्बन्धी अभिमुखिकरण एवं AGM सम्बन्धी विस्तारित भेला




पदभार ग्रहण तथा AGM को समिक्षा




मनोनयन पत्र वितरण तथा शुभकामना आदानप्रदान कार्यक्रम